# अध्याय २

# राम्ररी सुन्न नसक्ने बालकलाई शुरूमै सहयोग चाहिन्छ

बालकको सुरुवाती वर्षमा, बहिरा वा राम्ररी सुन्न नसक्ने वा सबै केटाकेटीहरूले सीपहरू धेरै छिटो सिक्न सक्छन् । उनीहरूको शारीरिक विकास सजिलै देख्न सकिन्छ । शुरुमा उनीहरू बामे सर्छन्, अनि हिड्छन्, त्यसपछि दौडन थाल्छन् ।




बालबालिकाहरू जन्मने वित्तिकै उनीहरूको मानसिक विकास हुन थाल्छ । शिशुको मस्तिष्कमा स्पन्जले पानी सोसेजस्तो नयाँ कुराहरू ग्रहण गर्ने र सिक्ने विशाल क्षमता हुन्छ । सुरुका वर्षहरूमा सुन्न सक्ने बालबालिकाहरूले छिटो–छिटो भाषा सिक्न सक्छन् । जति उनीहरूको भाषा र संचार गर्ने क्षमता विकसित हुँदै जान्छ, त्यति नै उनीहरूको सोच्न सक्ने क्षमतामा पनि विकास हुन्छ । त्यसै कारण बहिरा वा कान नसुन्ने बालबालिकाहरूलाई उनका आमाबाबुले जतिसक्दो चाँडो भाषा सिक्न सहयोग गर्नु जरुरी छ । भाषा सिक्ने क्रममा नै राम्ररी सुन्न नसक्ने हरेक बालबालिकाहरूले आफ्नो मानसिक विकास पनि गर्न सक्छन् ।



## बालबालिकाले नया सीप कसरी विकास गर्छन् (सिक्छन्)

हरेक शिशुको बृद्धि तथा विकास मुख्य चार क्षेत्रमा हुन्छ : शारीरिक (शरीरको विकास), मानसिक (सोचाइ शक्ति), संचार (बोलाइ र सुनाइ) र सामाजिक (अरूहरूसँग सम्बन्ध राख्ने) क्षेत्रहरु । यी हरेक क्षेत्रहरुबारे नयाँ सीप बालकले पाइला–पाइला गरी सिक्छ ।

उदाहरणका लागि, बालकले हिड्न जान्नु अघि उसले शरीर नियन्त्रण तथा सन्तुलन गर्ने विभिन्न प्रकारका तरिकाहरु जानेको हुनैपर्छ ।

**१. पहिले उसले टाउको उठाउन र त्यसपछि हातखुट्टा चलाउन सिक्छ**



**२. तब उसले आफ्ना हात र खुट्टाहरूको सहायताले बस्न सक्छ**



**३. बसेकै अवस्थामा उसले केही कुरा भेट्टाउन सक्ने प्रयाश र घुम्न सिक्छ र त्यसले उसको सन्तुलनमा सुधार ल्याउँछ ।**



**४. वामे सर्नाले उसका पाखुरा र खुट्टाको संयोजनमा सहयोग पुग्नुका साथै उसको मस्तिष्क विकासमा सहयोग पुग्छ ।**



**५. त्यसपछि केही बस्तुमा भर गरी उ उभिन सक्ने हुन्छ ।**



बृद्धि तथा विकासका सबै क्षेत्रमा, बालकले सिक्ने प्रत्येक नयाँ सीप उसले पहिले सिकेका सीपहरूमा आधारित हुन्छ र यसले उसलाई अन्य बढी कठिन सिप सिक्न सम्भव बनाऊँछ । जब बालकले कुनै एउटा सीप सिक्न सक्दैन उसले त्यो सीपमा आधारित अरू सीपहरू पनि सिक्न सक्दैन । उदाहरणका लागि यदि उसले टाउको उठाउन सिकेको छैन भने उसलाई बस्ने र वामे सर्ने सीपहरू सिक्न अपठ्यारो हुनेछ ।



**माथिको इट्टा तलको इट्टाले उभ्याएझैं, प्रत्येक सीप पहिले नै जानिसकेका सीपहरूमा उभिएको हुन्छ ।**

## संचार-सीप र भाषा पनि पाइला पाइला गर्दै विकास हुन्छ ।

बालकहरुको भाषा-सीप पनि शारीरिक सीपहरू जसरी नै विकास हुन्छ । उनीहरूले पहिले सरल सीपहरू सिक्छन् ।

१. शिशुहरूले आफ्ना विचार, आवश्यकता र भावना आवाज निकालेर वा मुखाकृति बनाएर र औँल्याएर व्यक्त गर्न सुरू गर्छन् ।




२. उनीहरू अरूले बोलेका शब्दहरू सुन्छन् र बुझ्छन् ।




३. उनीहरू शब्दहरूको प्रयोग गर्न थाल्छन् । आफ्ना घनिष्टहरु चिन्छन् र नाम भन्न सक्छन् ।




४. पछि उनीहरू आफ्ना कुराहरु राम्ररी व्यक्त गर्न थाल्छन् ।




५. शब्दले उनीहरूलाई सोच्न र नयाँ कुरा सिक्न सघाउँछ ।




## भाषा सिकाइ

जब कुनै समुदायमा एकै प्रकारका शब्दहरू बारम्बार सुनिने गरिन्छ, तब त्यँहाका बासिन्दाहरूले बोल्ने भाषा सिक्न सजिलो हुन्छ । यसरी नै बालबालिकाहरूले आफू वरपरका व्यक्तिहरू एक आपसमा कुरा गरेको सुनेर र के हुन्छ हेरेर र आफैंले अरू मासिहरूसँग बोलेर भाषा सिक्छन् । भाषा उनीहरूका आफ्ना अनुभवहरू बुझ्न र आफू वरिपरिको संसार कसरी चल्छ भनेर बुझ्ने उपाय बन्छ ।

## सुन्न नसक्ने बालबालिकाहरूलाई बोलिने भाषा सिक्न कठिन हुन्छ

जब बालबालिकाहरूले राम्ररी सुन्न सक्दैनन्, बोलिएका सामान्य शब्दहरू बुझ्न पनि उनीहरूलाई कठिन हुन्छ ।

र, बालबालिकाहरूले भाषा सिक्न धेरै सामान्य शब्दहरू जान्नुपर्छ । जब उनीहरूले धेरै शब्दहरू जान्दछन्, उनीहरूले पुरा वाक्य बनाउने वा सम्वाद गर्ने जस्ता विकसित संचारसीपहरू सिक्न सक्छन् । राम्ररी सुन्न नसक्ने वा बहिरा बालबालिकाहरूलाई साधारण संवादका लागि आवश्यक पर्ने सामान्य शब्दहरू तथा गर्नुपर्ने कुराहरु सिक्न पनि अरुको धेरै सहयोग आवश्यक पर्छ, जस्तै अब तिम्रो पालो ।




## बालबालिकाहरूले भाषा पाइला-पाइला गर्दै सिक्छन्





उसले शब्द **सुन्छ**

शब्दहरू **बुझ्छ** र प्रतिक्रिया जनाउँछ

शब्दहरूको **प्रयोग गर्छ**

शब्दहरूको आधारमा **सोच्छ**

शब्दहरूको आधारमा **सिक्छ**

अनि अरुहरुसँग **अर्थलाग्ने वाक्य गठन** गरेर बोल्न सक्छ ।



## तर सुनाइ र बुझाइका सुरुवाती पाइला नै चाल्न नसके ...



**...उसले भाषा सिक्न सक्दैन, त्यसकारण उसले आफ्नो सोचाइ तथा संचारसीप विकास गर्न सक्दैन ।**

**समुदायको अङ्ग बन्ने ऊसँग कुनै उपाय हुँदैन र ऊ एक्लिदै जानेछ ।**

## कसरी भाषाले मस्तिष्कको विकासमा सहयोग पुऱ्याउँछ

भाषाले बालबालिकालाई सोच्न, योजना बनाउन, आफू वरिपरिको संसारलाई बुझ्न र समुदायको अंग बन्न सक्षम तुल्याउँछ । **भाषा बिना, बालबालिकाले आफ्नो मस्तिष्कको विकास गर्न सक्दैनन् ।**

सुन्न नसकेर संचार गर्ने भाषा सिक्न सिक्न नसकेका बालबालिकाहरुले आफ्नो मानसिक विकासमा समस्याको सामना गर्नुपर्छ । धेरै कलिला बहिरा वा सुन्ने शक्ति क्षय भएका बालबालिकाहरूका आमाबाबुहरू आफ्ना नानीहरूले केही सामान्य शब्दहरू वा हाऊभाऊहरू सिके भने पनि धेरै खुसी हुन्छन् । तर बालबालिकाहरूलाई यो भन्दा बढी चाहिन्छ । उनीहरूले कुनै न कुनै भाषा सिक्नै पर्छ ।

बहिरा बालिकले कलिलो उमेरमै सिकेको खण्डमा उसले **आफैंसँग कुराकानी गर्न सक्छ** अर्थात् उसले **सोच्ने काम गर्छ** । विचारलाई शब्दमा व्यक्त गर्नाले ती विचारहरूबारे सोचाइ बन्छ र सोच्न सकिन्छ ।




**किनभने उनले अलिक लामो र अलिक छोटो जनाउने शब्द जान्दछिन् । अमीनाले नापहरू तुलना गर्न जान्दछिन् । भाषा नजानेको भए उनले जान्न सक्दिनन् ।**




**रोजीलाई के पछि के काम गर्ने भन्ने योजना बनाउन सक्छिन्, किनभने काम गर्नका लागि उनीसँग शब्दहरू छन् ।**

आफ्ना विचारहरू अरूलाई व्यक्त गर्न, आफ्नो आवश्यकता वा चाहना के हो बताउन पनि भाषा चाहिन्छ । कसैको भनाई तथा व्याख्याहरू बुझ्न पनि भाषा चाहिन्छ । भाषा जानेमा मात्र अरूसँग कुराकानी गरेर आफू वरिपरिको संसारबारे जान्न र संचार गर्न सकिन्छ । यसो गर्ने क्रममा नै मस्तिष्कको विकास भइरहेको हुनेछ र अरुहरूसँग सम्पर्क स्थापना भइरहन्छ । यो कुरा बहिरा तथा राम्ररी कान नसुन्ने बालबालिकाका लागि पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।



**भाषा बिना बालकले खतराबाट किन टाढा बस्नुपर्छ भनेर नजान्न सक्छ । धनकुमारले इनारलाई किन छोपेर राख्नु पर्छ भनेर बुझ्दैनन् ।**




**आमाले इभालाई बुझाउने उपाय नभएका कारण दैलोमा कोही मान्छे आएको कुरा आमाले कसरी थाहा पाउनुहुन्छ भन्ने कुरा इभाले बुझ्दिनन् ।**

## बहिरा बालबालिकालाई सानैमा सहयोग चाहिन्छ

सहयोग पाए, सुन्न नसक्ने बालबालिकाले संचार गर्न र भाषा सिक्न सक्छन् । शिशुहरूले जन्मनासाथ सिक्न थाल्ने हुनाले आफ्ना बहिरा बालबालिकालाई सकेसम्म चाँडै सहयोग पुऱ्याउँन उनीहरूका परिवारहरूले थप ध्यान दिन जरुरी हुन्छ । राम्ररी सुन्न नसक्ने बालबालिकाले भाषा सिक्न सहयोग पाएमा–त्यो भाषा साङ्केतिक भाषा नै भएपनि–उनीहरूले आफू वरिपरिका मानिसहरूलाई बुझ्न र उनीहरूसँग संचार गर्न सक्नेछन् । यसो भएमा अरू बालकालिकाहरूले सुनेर सिक्ने कुराहरू उनीहरूले पनि सामान्यतया सिक्न सक्छन् ।







बालकको कान सुन्ने समस्या बेलैमा थाहा पाएमा र प्रभावकारी सहयोग गरिएमा, संचार सीप सिक्ने सबैभन्दा उत्तम वर्षहरू (समय जन्मेदेखि ७ वर्षसम्म) खेर जाने छैनन् । बालबालिकालाई सहयोग गर्ने सम्बन्धमा थप जानकारीका लागि ७, ८ र ९ अध्याय हेर्नुहोस् ।

## नानीलाई सहयोग चाहिन्छ भनेर कसरी थाहा पाउँने ?

शिशुहरूको आफ्नै गतिमा वृद्धिविकास हुन्छ । केही बालबालिकाहरूको विकास अरूको भन्दा तीव्र गतिमा हुन्छ । तर धेरैजसो बालबालिकाहरूको वृद्धि र नयाँ विकास करिब एउटै उमेरमा हुन्छ । दुई वर्ष पुग्दासम्ममा धेरैजसो बालबालिकाले ५० देखि २०० शब्दहरू बोल्न वा सङ्केत गर्न जान्दछन् । एउटा बालकले ३ वर्ष पुग्दा ९०० शब्द र ४ वर्ष पुग्दा १५०० शब्दसम्म जान्दछ ।

महत्वपूर्ण कुरा के हो भने एउटा बालक निरन्तर नयाँ सीप सिकिरहेको हुन्छ । जब कुनै बालकले आफ्ना उमेरका अन्य बालबालिकाले सिकिसकेको सीप धेरै समय पछिसम्म पनि सिक्न सक्दैन भने यो उसलाई कुनै समस्या छ वा उसलाई थप सहयोग चाहिन्छ भन्ने कुराको लक्षण हो ।

तलको तालिकामा बालबालिकाहरूले कुन संचार सीपहरू र कुन उमेरमा सिक्ने गर्छन् भनेर देखाइएको छ । यस तालिका हेरेर आमाबाबुले आफ्ना बालबालिकाले कुन–कुन सीप जानिसकेका छन् र कुन–कुन सीप जान्न बाँकी छन् भन्ने कुरा थाहा पाउन सक्छन् । पहिले कुन क्रियाकलाप गर्ने भनी निधो गर्न आँफैलाई यो प्रश्न सोध्नुहोस्, "के मेरो नानीले उसका उमेरका अरू केटाकेटीले गरिरहेका सबै क्रियाकलाप गरिरहेको छ ?" बालबालिकाहरूको उमेर र उनीहरूले सामान्यतया सिक्ने नयाँ सीपहरूको क्रमबारे बढी जानकारीका लागि पृष्ठ २३१ र २३८ मा देखाइएका तालिकाहरू हेर्नुहोस् ।



३ महिनामा
- आफूले चिनेका अनुहार र सुनेका आवाजहरूमा प्रतिक्रिया जनाउँछ ।
- अचानक आउने आवाज र हुने चालप्रति प्रतिक्रिया जनाउँछ ।



६ महिनामा
- साधारण आवाज निकाल्छ वा हाउभाउ गर्न सक्छ ।
- आवाज वा चाल आएको तर्फ टाउको घुमाउन सक्छ ।



१ वर्षमा
- आवाज भएतर्फ लाग्न सक्छ, वा आवाज निकाल्न हातको प्रयोग गर्न पनि सक्छ ।
- वस्तुहरूको नाम भन्न सक्छ ।
- सरल शब्दहरू र सङ्केतहरू बुझ्न सक्छ र तिनमा प्रतिक्रिया जनाउन सक्छ ।
- एउटा शब्द वा सङ्केतको नक्कल गर्न सक्छ ।




२ वर्षमा
- सरल शब्दहरू र सङ्केतहरू प्रयोग गर्न सक्छ ।
- २ वा ३ बटा शब्द वा सङ्केतहरू भएका वाक्यहरू प्रयोग गर्न सक्छ ।
- ५० देखि २०० सम्म शब्दहरू जान्दछ ।




३ वर्षमा
- अति सरल वाक्य वा भाषा बुझ्न सक्छ ।
- ५०० देखि १००० शब्द वा सङ्केतहरू बुझ्न र प्रयोग गर्न सक्छ ।




५ वर्षमा
- आफूले गरेका कामहरू बारे कुरा गर्न वा सङ्केत गर्न सक्छ ।
- धेरै पश्नहरू सोध्न सक्छ ।




***टिप्पणी:*** राम्ररी सुन्न नसक्ने बालबालिकाहरूलाई अरू समस्याहरू पनि हुन सक्छन् । उनीहरूको मस्तिष्क र शरीर अरू नै कारण सुस्त प्रकारले विकास भइरहेको हुन सक्छ । मस्तिष्क र/वा शरीर सुस्त विकास हुने बालकलाई सहयोग गर्ने विषयमा थप जानकारीका लागि **गाउका अपाङ्गता भएका बालबालिका** नामको पुस्तक हेर्नुहोस् ।

## आफ्नो नानीलाई सिक्न सहयोग गर्न सकिन्छ

आफ्नो नानीको संचार सीप हुनु पर्ने जति विकास भएको छैन जस्तो लाग्छ भने उसलाई सहयोग गर्न सकिन्छ। कैयन आमाबाबुहरू आफ्नो नानीलाई सहयोग गर्न पेशेवर तालिमप्राप्त बाहिरी मानिसको आवश्यकता पर्छ भन्ने ठान्दछन्। तर आफ्नो नानीका बारे आमाबाबुलाई जति अरू कसैलाई थाहा हुँदैन, तसर्थ आमाबाबुले उसको विकासमा ठूलो भिन्नता ल्याउन सक्छन्।




**यस पछिका अध्यायहरुबाट निम्न जानकारीहरू पाइनेछ:**

- भाषा शिक्षणका लागि मार्गदर्शनहरू (अध्याय ३)
- आधारभूत संचार सीपहरू (अध्याय ४)
- नानीले के कस्तो सुन्न सक्छ भनेर पत्ता लगाउन (अध्याय ५)
- सुनाइ सीपहरू (अध्याय ६)
- भाषा छनोट र सिकाइ (अध्याय ७)
- साङ्केतिक भाषा प्रयोगको सिकाइ (अध्याय ८)
- बोलिने भाषाको सिकाई (अध्याय ९)

